

# अध्याय १२

# शिक्षा

सबै बालकहरू - बाहिरा तथा सुन्न सक्ने - सबैको पढ्न पाउने अधिकार छ । पढ्न पाउने बालकहरूले संसारको बारेमा सिक्ने, सीपहरू विकास गर्ने र रोजगारी पाउँने सम्भावना बढी हुन्छ । शिक्षा खासगरी बहिरा बालकका लागि महत्वपूर्ण छ किनभने यसले अरु सुन्न सक्ने तथा बहिरा व्यक्तिहरूसँग संचार गर्न र मित्रता गाँस्न सक्ने सोचाईको क्षमताको विकास गर्ने अवसर दिन्छ । यसबाट प्राप्त गरेका सीपहरूको कारणले नै राम्ररी सुन्न नसक्ने बालकहरू उत्पादनमूलक जीवनयार्पन गन, स्वतन्त्र जीवन-यापन गर्न र समुदायका कार्यहरुमा सहभागी हुन सक्नेछन् ।

हुन त यो पुस्तक प्राय जन्मेदेखि पाँच वर्षसम्मका बालकका लागि तयार गरिएको हो । तर, यस अध्यायमा आफ्ना हुर्केका केटाकेटीहरू पढाउन चाहने अभिभावकलाई योजना बनाउन सहयोगी हुने केही महत्वपूर्ण विषयहरू पनि समावेश गरिएको छ ।

## सिकाइ घरबाट सुरु हुन्छ

सिकाइ घरबाट नै सुरु हुन्छ र यो शिशु अवस्था हुँदै जीवनभर चलिरहन्छ । परिवारले बालकलाई सिक्न सहयोग गर्न महत्वपूर्ण भूमिका खेल्छ । आमाबाबु र परिवारका सदस्यहरू प्रारम्भिक तथा सबैभन्दा महत्त्वपूर्ण शिक्षकहरू हुन् । घरमा नै एउटा नानीले संचार गर्न, सोच्न, र अरुहरूसँग सम्बन्ध राख्नपर्ने कुराहरु सिक्न सुरु गर्छिन् ।



केही समुदायहरूमा बहिरा नानीसँग संचार गर्न जान्ने शिक्षक तथा वयस्क बहिराहरू हुन्छन् । यी व्यक्तिहरुले घरमा नै आएर आमाबाबुहरूलाई आफ्ना बहिरा नानीसँग संचार गर्ने तरिका सिकाउन सक्छन् । उनीहरूले भाषा सिकाउनका लागि परिवारका सदस्यहरूसँगै मिलेर विभिन्न क्रियाकलापहरू गरेर देखाउँछन् । (नानीहरूलाई भाषा सिकाउन सहयोगी सोचहरू र क्रियाकलापहरू अध्याय ७, ८ र ९ मा हेर्नुहोस्)

## सिकाइ समुदायमा पनि चलिरहन्छ

बालकहरूले आफ्ना परिवारहरू तथा साथीहरूबाट समुदायमा जिउनका लागि चाहिने सीपहरू सिक्छन् । उनीहरुले अरु बालकहरू अन्य व्यक्तिहरूसँग कसरी कुरा गर्छन्, कसरी खेल्छन् र एकआपसमा मिलेर कसरी काम गर्छन्, अरुसँग सम्बन्ध कसरी राख्न सक्छन् भन्ने कुराहरु हेरेर सिक्छन् । उनीहरू पुग्नुपर्ने ठाउँहरूमा हिँडेर, घोडा चढेर वा गाडीमा बसेर जानु पर्ने रहेछ भन्ने सिक्छन् । उनीहरूले किन्न र बेच्न, पैसा तिर्न र कामहरू गर्न सिक्छन् । उनीहरूले दाउरा बटुल्न, बाली लगाउन, माछा मार्न, सिलाइबुनाइ गर्न, हस्तकला र अन्य थुप्रै सीपहरू सिक्छन् ।




**शिक्षा घरमा, समुदायमा र विद्यालयमा विभिन्न परिस्थितिहरुमा लिन सकिन्छ ।**

जब बालकहरूले समुदायमा सहभागी हुन्छन् उनीहरूले आफ्ना भावनाहरु बुझ्छन् र आत्मसम्मानको विकास गर्न सिक्छन् । मिलेर खेलिने उनीहरूका खेलहरू समुदायको अङ्ग बन्ने अनौपचारिक सिकाइ क्रियाकलाप हो । (अध्याय १० र ११ ले बालकहरूलाई समुदायमा समावेश गराउने तथा सबल सामाजिक सीपहरू विकास गर्ने तरिकाहरू वर्णन गर्छन् ।

बालकहरू हुर्कंदै गएपछि उनीहरू विद्यालय जानसक्ने हुन्छन् । विद्यालयको शिक्षाले बालकहरूले घरमा र समुदायमा सिकेका सीपहरूलाई अझ बढी तिर्खाछ । विद्यालयमा जे सिकेका हुन्छन् ती कुराहरुले उनीहरूलाई वयस्क जीवनमा आवश्यक पर्ने सीपहरू सिक्न सहयोग पुग्छ ।

## विद्यालय जानु बहिरा बालकहरूका लागि जरुरी छ

विद्यालय शिक्षाले बहिरा वा संचार गर्न राम्री सुन्न नसक्ने बालकहरूको क्षमतामा सुधार ल्याउँछ । यसले उत्पादनमूखी जीवन बिताउने तथा उनीहरूको परिवारहरूलाई सहयोग गर्ने सीपहरू दिन सक्छ ।

विद्यालयमा, बहिरा बालकहरूले पढ्न र लेख्न सिक्छन् । प्रायश: यी नै बहिरा व्यक्तिहरुले साङ्केतिक भाषा नबुझ्ने वा उनीहरूको वाणी नबुझ्ने व्यक्तिहरूसित संचार गर्ने तरिकाहरु हुन् । पढाइले नै राम्री सुन्न नसक्ने व्यक्तिहरूलाई अरु मानिसहरूका विचारहरू, भावनाहरू र अनुभवहरू बुझ्न सहयोग पुऱ्याउँछ । लेखाइले उनीहरूलाई संचार गर्न र आफ्ना विचारहरू तथा भावनाहरू आदानप्रदान गर्न सहयोग पुऱ्याउँछ ।



### शिक्षाको आवश्यकता विशेषगरी बहिरा बालिकाहरूलाई हुन्छ




एउटी बहिरी बालिकालाई शिक्षा प्रप्त गर्न अरूलाई भन्दा अझ गाह्रो हुन्छ । राम्ररी सुन्न नसक्ने बालिकालाई उनका बहिनीहरू र भाइहरू विद्यालय गइसक्दा वा उनीहरूको बिहे भइसकेपछि पनि प्रायजसो घरको काम गराएर राखिन्छ ।

किन बहिरी बालिकाले संसारको बारेमा जान्न आवश्यक छ ? आफूलाई सुरक्षित राख्न तथा आफ्नो समुदायमा भाग लिन उनलाई सीपहरूको आवश्यकता पर्छ । उनलाई आफ्ना अधिकारहरू बारे जान्नु आवश्यक छ । जागिर पाउन सकिने र स्वतन्त्र जीवन यापन गर्नसकिने आवश्यक सीपहरू सिक्नु जरुरी छ ।

संचारसीप र शिक्षा बिना, एउटी बहिरी बालिकाले सामाजिक नियमहरू र आफ्नो शरीरमा हुने परिवर्तनहरूबारे बुझ्न सक्दिनन् । किन र कसरी भन्ने थाहा नै नपाई धेरै भन्दा धेरै बहिरा बालिकाहरू गर्भवती हुन्छन् । विश्वका केही भागहरूमा अन्य महिलाहरू भन्दा धेरै बहिरा महिलाहरू एचआइभीबाट संक्रमित छन् किनभने सुरक्षित रहने तरिका र आवश्यक पर्ने सूचना पाएका छैनन् र उनीहरुसँग प्राप्त गर्ने उपायहरू पनि हुँदैनन् ।

## बहिरा बालकहरूका लागि विभिन्न प्रकारका विद्यालयहरू

बहिरा वा राम्ररी सुन्न-नसक्ने बालकहरू विद्यालय जान सक्छन् । त्यहाँ उनीहरुले जीवनयापनका लागि आफूलाई चाहिने सीपहरू लगायत धेरै कुराहरू सिक्न सक्छन् । उनीहरूले सुन्न सक्ने बालकहरूसँगै एउटै कक्षाहरूमा वा छुट्टै अन्य बहिरा बालकहरूसँग पढ्न सक्छन् ।



आमाबाबुसँग बहिरा नानीलाई कुन प्रकारका विद्यालय पठाउने भन्नेबारे धेरै छनोटहरू हुदैनन् । तरपनि विद्यालयहरूको बारेमा थाहा पाइराख्नु जरुरी छ किनभने :

- यसले नानीको बारेमा सबैभन्दा उत्तम के हुनेछ भनेर सोच्न सहयोग गर्न सक्छ ।
- यसले वहिरा बालकहरूका लागि विद्यालयलाई अझै राम्रो बनाउन विद्यालयसँग मिलेर गर्न सकिने कामहरु गर्न सहयोग गर्छ ।
- यसले वहिरा बालकहरू भएका परिवारहरूलाई चाहिए जस्तो विद्यालय बनाउन समुदायसँग मिलेर काम गर्न सहयोग गर्छ ।

### विद्यालयहरू र भाषा

बहिरा बालकहरूलाई पढाउँने विद्यालयहरू सामान्यतया समुदायको बोलीचालीको भाषामा वा साङ्केतिक भाषामा जोड दिन्छन् । केही विद्यालयहरूले एकै समयमा बोल्न र साङ्केतिक भाषाको प्रयोग गर्न सिकाउँछन् वा बोल्न र औँलाले अक्षर बनाउने तरिका सिकाउँछन् । उनीहरू साङ्केतिक भाषा, हाउभाउहरू, चित्रहरू, ओठपढ्ने, वाणी (speech) र पढाइ र लेखाइको प्रयोग गर्छन् ।

प्रायजसो बोलीचालीको भाषा प्रयोग गर्ने शिक्षकहरू र साङ्केतिक भाषा प्रयोग गर्ने शिक्षकहरू एकअर्काका विधिहरूमा सहमत हुँदैनन् । यस्तो अवस्थामा आमाबाबुहरूलाई प्रत्येक विधिमा के राम्रो छ भन्ने बारेमा सूचना प्राप्त गर्न गाह्रो हुनेछ ।




साङ्केतिक भाषा तथा बोलीचालीको भाषा र तिनीहरूलाई कसरी सुरु गर्ने भन्ने विषयको जानकारी आवश्यक छ । त्यसका लागि अध्याय ७ देखि ९ सम्म हेर्नुहोस् । याद गर्नु जरुरी छ कि प्रत्येक नानीका आ-आफ्नै आवश्यकताहरू र क्षमताहरू छन् ।

## बहिरा बालकहरू अरु विद्यार्थीहरुसँगै एकै कक्षाहरूमा पढ्न सक्छन्

प्रायजसो समुदायका लागि, बहिरा बालकहरूलाई सुन्नसक्ने बालकहरूसँगै एउटै कक्षामा राखेर पढाउने एउटा मात्र उपाय हुनसक्छ । सुन्न सक्ने बालकहरूले बहिरा बालकहरूलाई बोल्न राम्ररी नजानेका कारण वा अरुले बोलेको सुन्न र बुझ्न नसकेका कारणले गिज्याउन तथा वेवास्ता गर्न सक्छन् । अरु बालकहरुलाई त्यस्ता प्रकारका चित्त फाट्ने व्यवहारहरू गर्नबाट रोक्नु पर्छ । यसो गर्न सकियो भने, बहिरा बालकहरूलाई सुन्नसक्ने बालकहरूसँग मित्रता गर्नसक्ने र स्थानीय समुदायका हिस्सा बन्नसक्ने अवसरहरु मिल्छ ।




**जब बालकहरू एक अर्काको जीवनको अङ्ग बन्छन्, उनीहरूले एकअर्काको क्षमतालाई कदर गर्न सिक्छन् र एक अर्कालाई सहयोग गर्छन् ।**

बहिरा बालकहरू नएक्लिऊन् भनेर केही स्थानीय विद्यालयहरूले सबैलाई साङ्केतिक भाषा सिकाउँछन् । वा राम्ररी नसुन्ने तथा बोल्न नसक्ने बालकहरूलाई पढाउनका लागि उनीहरूले अतिरिक्त कक्षा सन्चालन गर्छन् ।

**सुन्न सक्ने बालकहरूसँग पढ्दाका फाइदाहरू**

- बहिरा बालकहरू आफ्नो परिवारहरूसँग घरमै रहन सक्छन् ।
- यो प्राय कम खर्चिलो हुन्छ ।

**सुन्न सक्ने बालकहरूसँग पढ्दा हुने कठिनाइहरु**

- सुन्न सक्ने बालबालिकहरूले बहिरा बालकहरूलाई वेवास्ता गर्न वा गिज्याउन सक्छन्
- शिक्षकशिक्षिकाहरूलाई बहिरोपनका बारेमा धेरै कुरा थहा नहुन सक्छ वा भिन्न-भिन्न सुन्ने क्षमता भएका बालकहरूलाई कसरी पढाउने तरिका थाहा नभएको हुन सक्छ ।
- पुरै साङ्केतिक भाषा सिकाउन साङ्केतिक भाषाका सिपालु व्यक्तिहरू नहुन सक्छन् । नानीको बौद्धिक बिकासमा हानी पुग्न सक्छ ।

### ▶ *सुन्न सक्ने र बहिरा बालकहरूलाई एकै कक्षाकोठामा पढाइदा ध्यान दिनु पर्ने कुराहरू:*

बहिरा बालकहरूलाई विद्यालयको ढोका खोलिदिनु मात्र पर्याप्त हुँदैन । नियमित कक्षाकोठामा पढ्ने बहिरा नानीलाई ऊसँग संचार गर्ने शिक्षक र बहिरा सहपाठीहरू चाहिन्छ । पाठहरू बहिरा बालकहरूले बुझ्ने तरिकाले पढाइनुपर्छ । यदि बहिरा विद्यार्थीले बुझ्नेनन् भने उसले राम्ररी सिक्न सक्दैन ।

जब विद्यालयले बहिरा बालकहरूलाई पर्याप्त सहयोग गर्दैन ती नानीहरुले सुन्न सक्ने बालकहरू सरह सिक्न सक्दैनन् । यदि विद्यालयमा बहिरा बालकहरूले थोरै मात्र सिक्छन् भन्ने धारणा हुन्छ, त्यो कुरा सबै बालकहरूले बहिरा बालकहरू कम क्षमतावान् हुन्छन् भन्ने धारणा बनाउँछन् । यस्तो धारणा ठीक होइन र यसले सबैलाई हानी गर्छ ।

### शिक्षक-शिक्षिकाहरूलाई बहिरा बालकहरूसँग संचार गर्ने तरिकाबारे अतिरिक्त तालिमहरू प्रदान गर्नुहोस् ।

बहिरा वा अलिअलि सुन्न सक्ने बालकहरूलाई नपढाएका शिक्षकहरु राम्ररी सुन्न नसक्ने नानीलाई कसरी पढाउनेबारे विस्वस्त हुन सक्दैनन् । ती शिक्षकहरुसँग त्यस्ता नानीका क्षमताहरू र आवश्यताहरूको बारेमा कुरा गर्नुपर्छ र त्यस्ता नानीलाई सिकाउन सजिलो बनाउने उपायहरूबारे पत्ता लाउनु पर्छ ।




यदि एउट नानीले अलिअलि वा ओठको चाल पढ्न सक्छ भने, शिक्षिकाले वोल्दा ऊ तिर त्यो नानीले आफ्नो मुख देख्ने गरी पढाउनु पर्छ । उसले ओठको चाल देखेको छ छैन निश्चित गर्नु पर्छ ।

नानीलाई शिक्षकको नजिकै बसाउनु पर्छ । यसो हुँदा उसले शिक्षकका ओँठहरू चलेको अझ राम्ररी देख्न सक्छ । उसले अन्य बालकहरूले गरेका छुकछुक देख्नु पनि पर्दैन र उसको पढाएको कुराप्रति आकर्षण बढ्छ ।

## विद्यालयहरूलाई बहिरा बालकहरूको आवश्यकताहरू पुरा गर्ने सुविधाहरू राख्न सहयोग गर्नुपर्छ

- प्रधानाध्यापकले विद्यालयका अन्य शिक्षकशिक्षिकाहरू र विद्यार्थीहरूलाई बहिरोपनका बारेमा बुझाउन र कसरी बहिरा बालकहरूले देखेर सबैभन्दा राम्ररी सिक्न सक्छन् भन्ने बारेमा तयारी गर्न सक्छन् । यसरी विद्यालयमा सबैजनाले बहिरा बालकहरूलाई माया स्वागत गर्न तयार हुन सक्छन् ।

- वयस्क बहिराहरूले शिक्षकहरू र विद्यार्थीहरूलाई साङ्केतिक भाषा सिकाउन सहयोग गर्न सक्छन् । उनीहरूले कक्षाकोठामा बहिरा विद्यार्थीहरूलाई बढी ध्यान दिएर शिक्षकहरूलाई सहयोग गर्न सक्छन् ।



- बहिरा वा राम्ररी सुन्न नसक्ने बालकहरूले देखेर नै सिक्न सक्छन् । यसकारण आवश्यक भएमा, विद्यालयहरूले बालकहरूको आँखाको जाँच र चस्मा लगाउनेबारे सहयोग गर्नु पर्ने हुन्छ ।

अभिभावकहरूले आफ्ना नानीले के र कसरी शिक्षा प्राप्त गर्दैछन् भन्ने जानकारी लिनका लागि बेलबेलामा शिक्षकसँग भेट्नु पर्छ । यसले आमाबाबुहरूलाई नानीले विद्यालयमा सिकेको कुरामा थप सहयोग गर्न सक्छन् । यसैगरी शिक्षकलाई नानीले घरमा के गर्छ भनेर पनि बताउन सक्नेछन् । यसरी नै शिक्षकले नानीलाई आफ्ना अनुभवहरू व्यक्त गर्न सक्ने गृहकार्य दिन सक्छन् ।

## बहिरा बालकहरूले आफ्नै समूहमा सिक्न सक्छन्

स्थानीय विद्यालयमा वहिरा वा राम्ररी सुन्न नसक्ने बालकहरूलाई छुट्टै कक्षाकोठाहरूमा, वा दिवा कक्षा वा आवासीय रुपमा पढाउन पनि सकिन्छ ।

धेरै स्थानीय वा राष्ट्रिय संस्थाहरू, वा सरकार, धार्मिक समुदाय वा दातृ संस्थाहरूले बहिरा तथा कम सुन्न सक्ने बालकहरूलाई शिक्षा दिन छुट्टै विद्यालयहरू वा कक्षाकोठाहरू संचालन गर्न सुरु गरिसकेका छन् । यस्ता संघसंस्थाहरूले शिक्षा प्राप्त गर्न बहिरा बालक तथा राम्ररी सुन्न नसक्ने बालकहरूलाई पढ्न छात्रवृत्ति पनि प्रदान गर्न सक्छन् । बहिरा बालकहरू जतिलाई एकै विद्यालय वा कक्षाकोठाहरूमा भेला गराउनाले उनीहरुको एउटा समुदाय निर्माण हुन्छ र त्यस्ता बालकहरुको एक्लिने सम्भावना कम हुन्छ ।

जब बालकहरू यस्ता विद्यालयहरूमा जान्छन्, उनीहरूले प्रायस: साङ्केतिक भाषा सिक्छन् । यदि परिवारका सदस्यहरूले पनि साङ्केतिक भाषा सिकेमा उनीहरूले आफ्ना नानीहरूसँग संचार गर्न सक्नेछन् ।



### आवासीय विद्यालयहरू

बहिरा बालकहरू यी विद्यालयहरूमा नै बस्छन् र हप्तामा एक चोटि वा बिदाहरूमा मात्र घर जान्छन् । आवासीय विद्यालयहरूमा बालकहरूले पेसागत आवश्यक सीपहरू सिक्छन् । प्रायस: उनीहरुले कम्प्यूटर, मेकानिक, चित्रकला, कृषि सीप आदिका साथै पढ्न, लेख्न र हिसाव गर्न सिक्छन् ।




परिवारहरू बालकहरूलाई घरबाट टाढा राख्नु पर्दा कहिलेकहीं चिन्ता लाग्न सक्छ । यस्तो चिन्ता हटाउन अन्य विद्यार्थीहरूका परिवारहरूसँग हालचाल बुझ्न, आफ्ना बालकहरूलाई भेट्न विद्यालय जान र आफ्ना नानीका साथी र शिक्षकहरुलाई भेट्न सकिन्छ । यसो गरेमा आवासीय विद्यालय टाढा नै भएपनि आमाबाबु ढुक्क पर्न सक्छन् ।

अरु ठाउँमा जस्तै, आवासीय विद्यालयहरूमा पनि बालकहरुमाथि दुर्वव्यवहार हुन सक्छ । (दुर्वव्यहारबारे जानकारीका लागि अध्याय १३ हेर्नुहोस्) । यसकारण आमाबाबुहरूले आवासीय विद्यालयहरूमा बसेका आफ्ना बालकहरूलाई आफ्ना समस्याहरूबारे शिक्षक, आमाबाबुहरू र वा अरु मानिसहरूसँग व्यक्त गर्न प्रोत्साहित गर्नु पर्छ ।

आफ्ना परिवारहरूसँग छुट्टिएर बस्नु परेता पनि आवासीय विद्यालयले उनीहरूलाई मानिसहरूको ठूलो समूहसँग संचार गर्ने अवसर प्रदान गर्छ र बहिरा बालकहरूले अरु विद्याथीहरू र कर्मचारीहरूसँग नजिकको समुदाय निमार्ण गर्न सक्छन् । यसकारण आवासीय विद्यालयहरूमा पढेका धेरै बहिरा व्यक्तिहरूले त्यहाँबाट राम्रा अनुभवहरू हासिल गरेका छन् ।

### बहिराहरूका लागि दिवा विद्यालय

यी दिवा विद्यालयहरूले बहिरा बालकहरूलाई मात्र शिक्षा दिन्छन् । बालकहरू आफ्ना घरबाट नै दिनहुँ विद्यालय जाने गर्छन् । विद्यालय नगएका समयमा परिवारहरू, आफ्ना समुदायका सुन्नसक्ने बालकहरू र वयस्कहरूसँग अन्तरक्रिया गरिरहन्छन् ।



### स्थानीय विद्यायहरूमा बहिरा बालकहरूका लागि छुट्टै कक्षाहरू

केही विद्यालयहरूमा बहिरा बालकहरूलाई एउटा छुट्टै कक्षाकोठामा पढाइन्छ । यस्ता विद्यालयमा कक्षा नचलेका बेला बहिरा बालकहरू र सुन्न सक्ने बालकहरूबीच भेटघाट हुनसक्छ ।



केही विद्यालयहरूमा बहिरा बालकहरू र सुन्नसक्ने बालकहरूसँगै राखेर एउटा पिरियडमा चित्रकला वा अध्ययन-अभ्यास गर्ने व्यवस्था गरिएको हुन्छ । यस्ता विशेष कक्षाहरूमा बालकहरूका उमेर तथा क्षमताहरू फरक-फरक हुन सक्छन् ।

**बहिरा बालकहरूमात्र रहेर शिक्षा हासिल गर्दाका फाइदाहरू:**

- धेरै बहिरा विद्यालयहरू र कक्षाकोठाहरूमा बहिरा बालकहरूलाई शिक्षा दिन विशेष तालिमप्राप्त शिक्षकहरू हुन्छन् । यी शिक्षकहरूले प्रायजसो बालकहरूको आवश्यकताहरूलाई पूरा गर्न सक्छन् र हरेक नानीलाई ध्यान दिन सक्छन् ।
- आफ्नो वरिपरिका सबै व्यक्तिसँग संचार गर्न पाउँदा बहिरा बालकहरूले एक्लो भएको अनुभव कम गर्न सक्छन् ।
- बहिरा बालकहरूलाई खेल्ने, शिक्षा प्राप्त गर्ने, सामाजिक सीपहरू विकास गर्ने र मित्रताको विकास गर्ने अवसरहरू प्राप्त हुन्छन् ।



- बालकहरूले विद्यालयमा काम गर्ने बहिरा वयस्कहरूसँग भेट्न र अन्तरक्रिया गर्न पाउँछन् ।
- केही बहिरा विद्यालयहरू वा कक्षाकोठाहरूले बहिरा बालकहरूको श्रवण परीक्षण गर्न र श्रवण सहयोगी यन्त्र जडान गर्न सहयोग गर्छन् ।

**बहिरा बालकहरूमात्र रहेर शिक्षा लिनका लागि पर्ने कठिनाइहरू**

- बहिरा मात्र पढाइने विद्यालयहरूमा पढ्ने बहिरा बालकहरूले सुन्न सक्ने व्यक्तिहरूसँग बरव्यवहार तथा सहज ढंगले अन्तरक्रिया गर्ने तरिका नसिक्न सक्छन् ।
- विद्यालयहरू धेरै टाढा र महँगो हुन सक्छन् ।
- कक्षाहरूमा बालकहरूको उमेरमा धेरै अन्तर भएका हुन सक्छन् । यसले शिक्षकहरूलाई बालकको उमेर अनुसारका आवश्यकताहरू पूरा गर्न कठिनाई हुन सक्नेछ ।



## राम्रा विद्यालयहरूले बहिरा बालकहरूको आवश्यकता पूरा गर्छन्

सबै समुदायहरूमा बहिरा र सुन्न सक्ने बालकहरूका लागि राम्रा विद्यालयहरू हुन सक्छन् । पैसा, नयाँ भवनहरू, वा विज्ञ शिक्षकहरू हुनासाथ विद्यालय राम्रो हुन्छ भन्ने होइन । एउटा राम्रो विद्यालय हुनका लागि सबै विद्यार्थीहरूको आवश्यकतामा ध्यान दिइनुपर्छ र फरकफरक सुन्ने क्षमता भएका बालकहरूलाई भाषा सिक्ने र अभ्यास गर्ने काममा सहयोग गर्ने समर्पित शिक्षकहरू पनि हुनु पर्छ ।




बहिरा बालकहरूको धेरै प्रकारका विभिन्न आवश्यकताहरू पूरा गर्ने विद्यालयहरूले उनीहरूको जीवनमा ठूला अन्तर ल्याउन सक्छन् ।

श्रवण र आँखा परीक्षणहरू गर्न र श्रवण सहयोगी यन्त्र जडान गर्न र चस्माहरू प्रदान गर्न विद्यालयहरूले स्वास्थ्य सेवा केन्द्र र अस्पतालहरूसित मिलेर काम गर्न सक्छन् । विद्यालयहरूले खोप अभियान संचालन गर्न स्थान दिन सक्छन्, यसो गर्दा आमाबाबुहरूलाई आफ्ना नानीहरूलाई खोप दिलाउन सजिलो हुन्छ । विद्यालयहरुले पोषण र सरसफाईसम्बन्धी विषयहरुलाई महत्व दिई पढाउनु पर्छ ।

विद्यालयहरूले बहिरा बालकहरूलाई सुन्न सक्ने बालकहरूसँग पढ्ने र खेल्ने समय मिलाइदिनु पर्छ र बालकहरूलाई एक अर्कालाई गिज्याउन हुँदैन भनेर सिकाउनु पर्छ । विद्यालयहरूमा बहिरा व्यक्तिहरू र बहिरा समुदायको सफलता र महत्वको बारेमा पढाइनु पर्छ । यसो भएमा बहिरा बालकहरूलाई आफ्नो महत्त्व महसुस गर्न र आत्मविश्वास निर्माण गर्न सहयोग पुग्छ ।

बहिरा बालकहरू पढाउने थालेका विद्यालयहरूबाट कैयन कुराहरुमा अन्जानमा गल्ती गर्न सक्छन् । बहिरा बालकहरूले विद्यालयको बारेमा सिक्नु परे जस्तै विद्यालयहरूले पनि बहिरोपनको बारेमा बुझ्न जरुरी छ । यहाँ आफ्नी छोरीलाई पढाउन संघर्षरत एउटा परिवार र शिक्षाबाट जीवनमा परिवर्तन ल्याउने एउटा छोरीको एउटा कथा दिइएकोछ ।

### जमुनाको कथा

मङ्गोलियाको एउटा सानो सहरकी जमुना ७ वर्षको भएपछि आफ्नै उमेरका साथीहरूसँग नजिकैको विद्यालयमा जान थालिन् । यसका लागि उनका आमाबाबुहरूले आफ्नी बहिरी छोरीलाई पढ्न दिन विद्यालयलाई सम्झाउन धेरै कठिन भयो । मङ्गोलियामा बहिरा बालकहरू 'खोटयुक्त' हुन्छन् र उनीहरूले अरु बालकहरूसँग उठबस गर्नुहुँदैन भन्ने परम्परागत विश्वास छ । तर, जमुनाका आमाबाबुहरूले त्यस विद्यालयका निर्देशकलाई उनीहरूकी छोरीलाई भर्ना गर्न मनाए ।

जमुना विद्यालय जान थालिन् तर उनी केही हाउभाउहरू, औँलाका संकेतहरु र थोरै आवाजहरूले मात्र संचार गर्न सक्थिन् । अरु तरिकाहरु थिएनन् । त्यसैले विद्यालयका शिक्षकहरुले उनीसँग संचार गर्न सकेनन् । जमुनाले केही सिकिरहेकी छैनन् भनेर चाँडै स्पष्ट भयो । जमुनाका आमाबाबुहरूले छोरीलाई पढाउन सकिने कुरामा आशा मार्न थाले । बहिरा बालकका लागि एकमात्र विद्यालय राजधानीमा थियो र त्यो जमुनाको घरबाट धेरै टाढा थियो ।




त्यसपछि एकजना छिमेकीले उनीहरूलाई नजिकैको अर्को विद्यालयमा भएको नयाँ कार्यक्रमबारे बताए । सो विद्यालयकी आफ्नै छोरो बहिरो भएकी एक शिक्षिकाले अरु शिक्षकहरूलाई आधारभूत साङ्केतिक भाषा सिक्न तालिम दिई रहेकी थिइन् । बहिरा बालकहरू र सुन्न सक्ने बालकहरू सबैलाई एउटै कक्षाकोठामा साङ्केतिक भाषा र बोलीचालीको भाषा सिकाइदै थियो ।

अहिले जमुना विहान सधैं आफ्नो नयाँ विद्यालयमा खुसीसाथ जान्छिन् । उनको कक्षाका बालकहरूले शहरभरिका विद्यालयहरू बीच भएको गणितको प्रतिस्पर्धामा पुरस्कार जिते र जमुनाले आफ्नो राम्रो हस्तलेखनका लागि पुरस्कार जितिन् । विद्यालय गइसकेपछि यमुना एउटी दु:खी, नहाँस्ने केटीबाट एउटी खुसी, चञ्चल केटीमा परिवर्तन भइन् । उनी आफ्नो कक्षाका अरू बालकहरूलाई सहयोग पनि गर्छिन् ।



### राम्रा विद्यालयसँग सिकाइप्रति प्रतिबद्ध शिक्षकहरू हुन्छन्

एकजना शिक्षकसँग हुनुपर्ने सबैभन्दा महत्त्वपूर्ण गुणहरू भनेको बहिरा बालकले विद्यालयमा र उसको जीवनमा राम्रो गर्न सक्छ भन्ने अपेक्षा राख्नु र प्रत्येक नानीका आवश्यकताहरू र क्षमताहरू बुझ्न समय दिनु हो ।

#### अनुभवहरूले उत्कृष्ट शिक्षक बनाउँछ

तान्जानियाको बहिरा दिवा विद्यालयमा एकजना शिक्षिका थिइन् जो आफै बहिरी थिइन् । शुरुमा उनीले कुनै औपचारिक तालिमहरू लिएकी थिइनन् । उनको धैर्य र सृजनशीलता प्रत्येक नानीको क्षमता बाहिर ल्याउन निकै सहयोगी बने । ती शिक्षिका आवाजहरू सुन्न सक्दिनथिन् । त्यसकारण विद्यार्थीहरूले कुराकानी गर्न सिक्दा उनीहरूको आवाजको कम्पन महसुस गर्न उनले आफ्नो हात उनीहरूको काँधमाथि राख्थिन् । उनले उनीहरूसँग साङ्केतिक भाषाको पनि प्रयोग गरिन्, उनीरूको हस्तलेखनमा सहयोग गरिन् र बोतलका बिर्कोहरू गनेर बालकहरूलाई हिसाब सिकाइन् ।




कक्षा सानो थियो, त्यसैले ती शिक्षिका प्रत्येक नानीलाई समय दिन सफल भइन् । उनले ती विद्यार्थीहरुसँग पढ्न र सिक्नका लागि भएका सबैभन्दा सबल क्षमताहरू पत्ता लगाउन र प्रयोग गर्न सिकिन् ।

धेरै व्यक्तिहरू विशेषत: तालिमप्राप्त शिक्षक नै बहिरा बालकहरूका लागि सबैभन्दा उत्कृष्ट शिक्षक हुन्छ भन्ने सोच्छन् । यो सधैं सत्य हुँदैन । बहिरोपनका बारेको तालिमले मात्र राम्रो शिक्षक बनाउँदैन । धेरै बहिरा शिक्षक-शिक्षिकाहरूले आफ्नै देशमा तालिम लिने अवसर पाउँदैनन्, त्यसै कारणले उनीहरू तालिम लिन आफ्नो समुदायहरू भन्दा धेरै भिन्न टाढाका ठाउँहरूमा जान्छन् । अर्कै देश(ठाउँ)मा सिकेका विचारहरू घरफर्के पछि आफ्नो विद्यालयमा र समुदायमा प्रयोग गर्न कठीन हुन सक्छ वा कामै नलाग्ने हुन सक्छ ।

कुनै तालिमप्राप्त शिक्षक अन्य शिक्षकहरूका लागि सिकाइको स्रोत बन्न सक्छन् । बहिरा व्यक्तिलाई पढाउने शिक्षकहरू र सुन्नसक्ने बालकहरूलाई पढाउने अनुभवी शिक्षकहरू दुवैले एकआपसबाट सिक्न सक्छन् र आफूले जानेका कुराहरुको धारणा बनाउन सक्छन् । यो अनुभव साटासाटले सबै बालकहरूलाई फाइदाहरू हुन्छ ।



### बहिरा वयस्कहरूले बहिरा बालकहरूलाई सिक्न सहयोग गर्छन्

बहिरा वयस्कहरू सम्भवत बहिरा बालकहरूका लागि सबैभन्दा असल शिक्षकहरू हुन् । राम्रा विद्यालयहरूले कक्षाकोठाहरूमा शिक्षकको अनुवादक र सहायकको रूपमा बहिरा वयस्कहरूलाई सामेल गर्छन् । बहिरा वयस्कहरूले बहिरा बालकहरूले सामना गर्नुपर्ने चुनौतीहरू बुझ्छन् । बहिरा वयस्कहरू बहिरा बालकहरूका लागि 'आदर्श अगुवा' बन्न सक्छन् । तिनीहरुले बहिरोपन र बहिरा व्यक्तिहरूको बारेमा सकारात्मक धारणाहरू निर्माण गर्न सहयोग पुऱ्याउन सक्छन् ।



**ठूला बालकहरूले साना बालकहरूलाई पढ्न र लेख्नका लागि सिक्न सहयोग गर्न सक्छन् ।**

### बालकहरुले एकअर्कालाई पढ्न सिक्न सहयोग गर्न सक्छन्

धेरै बालकहरूलाई कठिन विचारहरू सिक्न सहयोग चाहिन्छ । बहिरा बालकहरूलाई पढाई र लेखाई जस्ता सीपहरू सिक्न प्राय थप सहयोग र ध्यान दिनु आवश्यक छ । बहिरा हुन् या सुन्न सक्ने वा साना या ठूला होउन् सबै बालकहरूले विद्यालयमा सीपहरू सिक्न र विद्यालयमा एकअर्कालाई सहज महसुस हुने वातावरण बनाउन सहयोग गर्न सक्छन् । बालकहरूले एक अर्कालाई विभिन्न प्रकारका सहयोग गर्न सक्छन् । यसका उदाहरणहरू (पृष्ठ २६, १३७ र १३८ मा दिइएका छन्) ।

### बालकहरू आफ्नो पढाइ र शिक्षाका लागि एक भाग बन्न सक्छन्

जिम्बाबेको एउटा विद्यालयका एक शिक्षकले बालकहरूलाई उनीहरूले सिक्न चाहेको कुरा निर्धक्क भएर व्यक्त गर्न प्रोत्साहित गरे । ती शिक्षकले कक्षाकोठामा मतदान गराउने जस्तो विचार अघि सारे ।

एउटा हफ्तामा बालकहरूले 'मानिसहरू किन लड्छन् र युद्ध किन हुन्छ' भन्ने बारेमा बुझ्ने निर्णय गर्छन् । अर्को हफ्ता उनीहरूले मौसम र पानी किन वर्षा ऋतुमा परेको हो भन्ने बारेमा सिक्ने निर्णय गर्छन् । यसरी केही हफ्ताहरु बिते । दिप्रतिदिन धेरै बालकहरू आफूले सिकेका विषयहरुमा अझ बढी उत्सुक हुन थाले । उनीहरूको व्यवहार अझ बढी राम्रो भयो र उनीहरू नियमित विद्यालय जान थाले ।



वर्षको अन्त्यतिर बालकहरूले गाउँका विद्यालय नजाने अरु बालकहरूलाई पनि विद्यालय आउन प्रोत्साहित गरे ।

जब बालकहरू शिक्षामा संलग्न हुन्छन् र शिक्षकसँग मिलेर समस्या समाधान गर्ने कार्य गर्छन्, तब उनीहरूले आफ्ना आवश्यकताहरू मिल्दो शिक्षा प्राप्त गर्न सक्छन् । उनीहरू आफ्नो बारेमा, आफूले सिकेको विषयमा र संसारमा परिवर्तन ल्याउन सक्ने आफ्नो क्षमतामा विश्वस्त बन्छन् ।

### विद्यालयलाई परिवारहरूको सहयोग महत्वपूर्ण हुन्छ

आमाबाबुहरू र परिवारहरूको आफ्नो बहिरो नानीको शिक्षामा महत्वपूर्ण भूमिका हुन्छ। आमाबाबुहरूसित विद्यालयलाई बहिरा बालकहरू पढाउन सहयोग हुने अनुभवहरू हुन्छन्। विद्यालय राम्रो बनाउन अभिभावकहरूले समुदायसँग मिलेर पनि काम गर्न सक्छन्। सक्रिय आमाबाबु समूहहरू भएका विद्यालयहरूले बहिरा बालकहरू भएका परिवारहरूको शैक्षिक र भावनात्मक आवश्यक्ताहरूका बारेमा कुरा गर्न सक्छन्। त्यस्ता विद्यालयहरू प्राय उच्चकोटिका हुन्छन्।

जब अभिभावकहरू आफ्ना नानीहरूको शिक्षाको अधिकार र सिक्न सक्ने क्षमताका बारेमा सचेत हुन्छन् तब उनीहरूले स्थानीय विद्यालय स्थापना हुनुपर्ने माग गर्नेछन्।




### राम्रा विद्यालयहरूले नानीलाई जीवनयापन गर्न सक्ने सीप दिन सक्छन्।

धेरै आमाबाबुहरू आफ्ना बहिरा वा राम्ररी सुन्न नसक्ने बालकहरूको भविष्यको बारेमा चिन्तित हुन्छन्। कसरी उनीहरू आयआर्जन गर्न र आफू तथा आफ्ना परिवारहरूलाई धान्न सक्ने बन्छन् ?

केही विद्यालयहरूले आफ्ना बालकहरूलाई पछि जागिर खोज्न वा व्यवसाय सुरु गर्न सहयोगी हुने व्यवसायिक सीपहरूको तालिम दिन्छन्। सिलाइ र सिकर्मी दुवै व्यवसायिक कार्यक्रहरूमा सिकाइने आम पेसाहरू हुन्। बहिरा बालकहरूले विद्यालय समयपछि सिक्न सक्ने तालिमका पाठ्यक्रहरू पनि हुन्छन् जस्तैः कम्प्यूटर सीप, गाडी मर्मत, छपाइ, लेखा, खाना बनाउने, कृषि र चित्रकला। वास्तवमा बहिरो व्यक्तिलाई विशिष्टता हासिल नगरेको पेसा गर्न या जागिर पाउन असम्भव नै हुन्छ।

रोमानियाको एउटा आवासीय विद्यालयमा देशको सबै ठाउँबाट बालकहरू आउँछन्। कहिलेकहीँ २०० कि.मी भन्दा टाढाका स-साना गाउँहरूबाट पनि आउँछन्। बालकहरूले विद्यालयमा वर्षको ९ महिना विताउँछन् त्यसैले यो उनीहरूको दोस्रो घर बन्छ।



विद्यालयमा सबैजनाले श्रवण सहयागी यन्त्रहरू लगाउँछन्। बाणी र ओठको चाल पढ्न सिक्छन्। माटोका भाडाहरू बनाउन सिक्छन्। धेरै बालकहरू उनीहरू १४ वर्षको हुँदा विद्यालय छाड्छन् र पछि कुशल कुमाले बनेर जीवनयापन गर्छन्।

## बहिरा बालकहरूको सफलताका लागि समुदायको सहकार्य

आमाबाबुहरू, विद्यालयहरू र समुदायहरूको सहकार्यबाट बहिरा बालकहरूका लागि सकारात्मक वातावरण तयार हुन सक्यो बच्चाहरुले सफलता प्राप्त गर्न सक्छन् । यी बालकहरूले राम्रो शिक्षा पाउन सक्ने वातावरण हुनु पर्छ जस्तै:

- बालकहरूले भाषा सिक्न र त्यसको प्रयोग गर्न सक्ने अवस्था
- राम्रो पढाइ वा शिक्षण तरिका र सञ्चार भएको अवस्था र पारिवारिक सक्रिय सहभागिता
- बहिराहरूको सफलताको लागि अवसरहरू प्रदान गर्न इच्छुक समुदाय ।

*मैले पढाउने प्राथमिक विद्यालयमा एकजना बहिरा शिक्षकले काष्ठकला ज्यादै राम्ररी सिकाउछन् ।*



आमाबाबुहरू, विद्यालयहरू र समुदायहरूले विभिन्न कुराहरुमा सहकार्य गर्न सक्छन् जस्तै बहिरा युवाहरूलाई व्यवसायिक तालिमको व्यवस्था, काम वा पेशा खोज्न, र लघु व्यवसायका लागि ऋण वा अनुदानहरूको व्यवस्था आदि ।



*बहिरा वयस्कहरूको हाम्रो समूहले विश्वविद्यालयको क्यान्टिन चलाइरहेका छौं । त्यहाँ हामीसँग सुन्नसक्ने विद्यार्थीहरुलाई संचार गर्न सिक्ने अवसर मिल्छ । र यदि उनीहरूले सिकेनन् भने क्यान्टिनको सेवा राम्ररी लिन नसक्ने हुन्छन् ।*

केही समुदायहरूले बहिरा वा राम्ररी सुन्न नसक्ने व्यक्तिहरूलाई रोजगारी दिने व्यवसायहरूलाई केही कर मिनाहा तथा वित्तीय सहयोग गर्छन् । कैयन सामुदायिक संस्थाहरूले बचत कोष स्थापना गरेका हुन्छन् । सो कोषबाट बहिरा इलमीहरूलाई आफ्नै व्यवसाय सुरु गर्न ऋण दिइन्छ । त्यो ऋण इलमीले किस्ताबन्दीको रुपमा फिर्ता गर्नु पर्छ । र जम्मा भएको रकम अर्को बहिरा व्यक्तिले व्यवसाय सुरु गर्न लिन सक्छ ।

कुनै पनि बहिरा युवासँग आफ्नो क्षमताहरू र चाहनाहरू हुन्छन् । उनीहरुले स्थानीय स्रोत, बजार अवस्था, तालिमका अवसरहरू र अन्य कुराहरूलाई विचार गरेर आफ्नो क्षमताहरू र चाहनाहरूका आधारमा आफूले के सीप सिक्न चाहेको हो निर्णय लिन सक्छन् ।

*धार्मिक शिक्षा लिने मेरा धेरै बहिरा साथीहरू अहिले पादरी बनेका छन् । उनीहरु संचार गर्न साङ्केतिक भाषा प्रयोग गर्छन् ।*



### घर रङ्गाउनेहरुले सफलता पाउँछन्




दक्षिणी भारतस्थित बहिरा व्यक्तिहरूको एउटा सञ्जालले घर रङ्गाउने व्यवसाय सञ्चालन गऱ्यो । उनीहरूले अन्य मानिसहरूले भन्दा छिटो रङ्ग लगाउने गर्थे । त्यसकारण मानिसहरू आफ्ना घरहरू रङ्गाउन उनीहरूलाई न बढी चाहन्थे । उक्त सञ्जालका नाइके समन्वय गर्न सिपालु थिए र सक्रियतापूर्वक नयाँ काम खोज्थे । यो पेशा धेरै नयाँ घरहरू वा मर्मत-सम्भार भइरहेका बेला गरिएका बेला शुरु गरेका थिए । त्यसै कारण धेरै भन्दा धेरै व्यक्तिहरूले बहिरा व्यक्तिहरूको समूहको दक्षता देखे र उनीहरूको कामको माग जतातत‌ै बढ्यो ।

यो पुस्तक सकेसम्म सानै उमेरका या बहिरो नानीलाई सहयोग गर्नुपर्ने आवश्यकताका बारेमा केन्द्रीत गरिएको छ। तैपनि बहिरा वयस्कहरूलाई सहयोग गर्न पनि कोसिस गर्नुपर्छ। सबैले सबैलाई हेरचाह गर्नसक्ने भएपछि हाम्रा समुदायहरू सबैभन्दा बलिया हुन्छन्।




## सिक्न कहिले ढिला हुँदैन

तेज तीन वर्षको हुदाँ गम्भिर विरामी भयो। त्यसपछि उसको आफ्नो श्रवण-शक्ति गुम्यो। जब उ ठूलो हुँदै गयो, उसका भाइ-बहिनीहरू विद्यालय जान्थे, उ घर रुङ्थ्यो। तेजको परिवारले उसँग केही घरेलु सङ्केतहरू प्रयोग गरेर संचार गर्ने गर्थे तर उ धेरैजसो समय एक्लै घोडा, बाख्रा र भेँडाहरूको स्याहार गरेर बिताउँथ्यो।




एक दिन उनका आमाबाबुले बहिरा वयस्कहरूलाई दिइने नयाँ खालको प्रौढ शिक्षा कक्षाको बारे सुने। यो समुदायको कुनै एक समूहले सञ्चालन गरेको थियो। दुई वर्षसम्म कडा मेहनत गरेर तेजले पढ्यो। त्यसपछि उसले आफ्ना सहपाठीहरूसँग सजिलैसँग संचार गर्न र उनीहरु जत्तिकै पढ्न, लेख्न र हिसाब गर्न सक्ने भयो। तेजले त्यही कार्यक्रमबाट आफ्ना केही साथीहरूले जस्तै सीपमूलक तालिम लिने निर्णय गऱ्यो। उसलाई सिकर्मीको तालिम लिनका लागि एउटा व्यवसायिक तालिम विद्यालयमा पठाइयो।

